# यस गाउँपालिका भित्रका भोजपुर बहुमुखी क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुलाई मासिक शुल्क व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७९

रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय बैकुण्ठे, भोजपुर

**यस गाउँपालिका भित्रका भोजपुर बहुमुखी क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुलाई मासिक शुल्क व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७९**

प्रस्तावना:- लोककल्याणकारी राज्यको अवधारणा अनुसार स्थानीय सरकारको हैसियतले आर्थिक रुपले विपन्न गरिबीको रेखामुनी रहेका गरिब तथा जेहेन्दार विद्यार्थी लगाएत गाउँपलिकालाई शैक्षिक क्षेत्रको जगतमा माथी उकास्दै शिक्षामा सवैको समान पहुँचको वातावरण सिर्जना गर्न गाउँपालिका भित्रका भोजपुर बहुमुखि क्याम्पसमा अध्ययान गर्न चाहाने विद्यार्थीहरुका लागि माशिक शुल्क उपलब्ध गराउने सम्बन्धी कानून बनाउन बाञ्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम १०२ (२) को अधिकार प्रयोग गरि रामप्रसादराई गाउँपालिपाले यो कार्यविधि बनाइ जारी गरेको छ ।

परिच्छेद — १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ:- (१) यस कार्यविधिको नाम **"भोजपुर बहुमुखी क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुलाई मासिक शुल्क व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७९"** रहेको छ।

(२) यो मापदण्ड तुरुन्त लागू हुनेछ।

२. परिभाषा:- विषय प्रसंगले अर्को अर्थ नलागेमा।

(क) "गाउँपालिका" भन्नाले रामप्रसादराई गाउँपालिकालाई सम्झनु पर्छ।

(ख) "गाउँ कार्यपालिका" भन्नाले रामप्रसादराई गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

(ग) "लाभग्राही" भन्नाले भोजपुर बहुमुखी क्याम्पसमा अध्ययनरत यस गाउँपालिका भित्रका सम्पुर्ण विद्यार्थीहरुलाई सम्झनु पर्छ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले रामप्रसादराई गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ

(ङ) "गाउँ प्रमुख" भन्नाले रामप्रसादराई गाउँपालिकाको गाउँ प्रमुखलाई सम्झनु पर्दछ ।

परिच्छेद -२

मासिक शुल्क वापत रकम प्राप्त गर्ने तरिका

३। निवेदन सम्बन्धी व्यवस्था: यस कार्यविधि बमोजिम मासिक शुल्क वापत खर्च पाउनका लागि, अनुसूची -१ बमोजिमको ढाँचामा क्यम्पस बाट मासिक शुल्क र अध्ययानरत तहको प्रमाणित कागजातको प्रतिलिपि सहित सम्वन्धित स्थानीय तहको वडा कार्यालय सिफारिस र अनुसुची २ बमोजिमको ढाँचामा दफा १० बमोजिमो प्रमाणित कागजात सहित गाउँपालिकालाई निवेदन निवेदन दिनु पर्नेछ।

४। लाभग्राहीले पाउने शुल्क बापत खर्च: नेपाल सरकार वा भोजपुर बहुमुखी क्याम्पसले तोकेको मासिक शुल्क त्रैमासिक वा एकमुष्ट एक आर्थिक वर्षको शैक्षिक सत्रको अन्त्यमा वा छ महिनाको अन्तरालमा स्थानीय तहले लाभग्राहीको बैंक खातामा जम्मा गर्नेछ। लाभग्राहीले अनुसूची -३ अनुसारको ढाँचामा आफु कुनैपनि नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संस्था वा संगठन संस्थामा रोजगारीमा नरहेको स्पष्टिकरण दिनुपर्ने छ। नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संस्था वा संगठन संस्थामा रोजगारी गरिरहेको विद्यार्थिले यस कार्यविधि बमोजिम बमोजिम मासिक शुल्क उपलब्ध गराईने छैन।

परिच्छेद-३
<u>विवध</u>

७। **अभिलेख तथा प्रतिवेदन:** गाउँपालिकाको कार्यालयले मासिक शुल्क वापत खर्च पाउने लाभग्राहीको अभिलेख अध्यावधिक गरी अनुसुची ४ बमोजिमको ढाँचामा सुरक्षित राखु पर्नेछ।

८। **अनुगमन तथा निरीक्षण:** गाउँपालिकाले मासिक शुल्क खर्च सम्वन्धी कार्यको नियमित अनुगमन तथा निरीक्षण गर्न सक्नेछन्। नक्कली लाभग्राहीले सुविधा लिएको पाईएमा सम्बन्धित व्यक्ति र सिफारिसकर्ताबाट कानुन बमोजिम रकम विर्ता लिईनेछ र कानुन बमोजिम कारवाही गरिनेछ।

९। **पारदर्शिता कायम गर्नुपर्ने:** स्थानीय तहले भुक्तानी गरेको रकम र बुझि लिने व्यक्तिको नामावली स्थानीय तहका कार्यालय, र वेभसाइटमा सार्वजनिक गर्नुपर्नेछ।

१०। **आवश्याक कागजात:** लाभग्रहिले मासिक शुल्क पाउनका लागि देहाय बमोजिमको कागजात तयार गर्नुपर्ने छ।

- अनुसूचि १ बमोजिमको प्रमाणित कंपि।
- वडाकार्यालयको सिफारिस पत्रको सक्कलै कपि।
- अनुसूचि २ बमोजिमको निवेदन पत्र।
- अनुसूची ३ बमोजिमको स्पष्टिकरण पत्र।
- नागरिक्ता/जन्मदर्ताको प्रमाणित कपि।
- विद्यार्थी परिचयपत्र।

रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
१ न. प्रदेश, नेपाल

अनुसूची – १

(दफा ३ सँग सम्बन्धित)

**भोजपुर बहुमुखी क्यम्पसले प्रमाणित गर्ने ढाँचा**

मिति .........................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
रामप्रसादराई गाउँपालिका, वैकुण्ठे, भोजपुर।

विषयः प्रमाणित गरिएको सम्बन्धमा

उपरोक्त विषयमा रामप्रसादराई गाउँपालिकाको वडा नं. ... गाउँ/टोल............................... स्थायी ठेगाना भएको श्री .......................................................यस क्यम्पसको शैक्षिक सत्र २०....../०........ को तह..................वर्ष...........को नियमित विद्यार्थी रहेको र निज अध्ययनरत तहको मासिक शैक्षिक शुल्क रु................ प्रमाणित गरिन्छ।

**प्रमाणित गर्ने**

दस्तखतः

पुरा नामथरः

दर्जाः

संस्थाको छापः

अनुसूची – २

(दफा ३ सँग सम्बन्धित)

## मासिक शुल्क पाउनका लागि दिने निवेदनको ढाँचा

मिति ........................................................

विषयः माशिक शुल्क बापतको खर्च रकम पाउँ भन्ने सम्वन्धमा

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू,
रामप्रसादराई गाउँपालिका।

उपरोक्त विषयमा रामप्रादराई गाउँपालिका वडा नं. ... ..................... स्थायी ठेगाना भएको भएको म भोजपुर बहुमुखी क्यम्पसको ...........................तहमा अध्ययनरत नियमित बिद्यार्थि भएकोले सम्पूर्ण आवश्यक कागजात सहित मासिक शुल्क रकम पाउँ भनि निवदेन पेश गरेको छु । पेश भएको व्यहोरा ठीक साँचो हो, झुट्ठा ठहरेमा प्रचलित कानून बमोजिम सहूँला बुझाउँला।

<u>निवेदक</u>

दस्तखतः

पुरा नामथरः ....................................................

बैंकखाता नं. ............................................

बैंकको नामः ........................................................ शाखा ..................................................

सम्पर्क नं.........................................................

रामप्रसाद राई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
१ नं प्रदेश, नेपाल

अनुसूची – ३
(दफा ३ सँग सम्बन्धित)
<u>स्पष्टिकरणको ढाँचा</u>

मिति ....................................

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू,
रामप्रसादराई गाउँपालिका।

विषयःस्पष्टिकरण सम्बन्धमा।

उपरोक्त विषयमा रामप्रादराई गाउँपालिका वडा नं. ... ...................... स्थायी ठेगाना भएको भएको म भोजपुर बहुमुखी क्यम्पसंको ............................तहमा अध्ययनरत नियमित विद्यार्थि कुनैपनि आफु कुनैपनि नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संस्था वा संगठन संस्थामा रोजगारीमा नरहेको स्पष्टिकरण पेश गरेको छु ।पेश भएको व्यहोरा ठीक साँचो हो, झुठ्ठा ठहरेमा प्रचलित कानून बमोजिम सहूँला बुझाउँला।

<u>निवेदक</u>
पुरा नामथरः .................
दस्तखतः.........................

रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
१ नं प्रदेश, नेपाल

अनुसूची – ४

(दफा ७ सँग सम्बन्धित)

**<u>माशिक शुल्क पाउने व्यक्तिहरुको अभिलेख राख्ने ढाँचा</u>**

| आ.व. ............. | | | | | | रकम भुक्तानी गरेको महिना | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | लाभग्राहीको नामथर | जन्ममिति | लिङ्ग | स्थायी ठेगाना | तह | साउन | भदौ | असोज | कार्तिक | मंसिर | पुष | माघ | फागुन | चैत्र | वैशाख | जेठ | असार |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |